# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८१।०५।१४ गते।

## प्रेस विज्ञप्ति

**विषयः** प्रतिवादीहरु टंक प्रसाद रिजाल र दशरथ भण्डारीसमेत रहेको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट भएको फैसलाउपर आयोगलाई चित्त नबुझी सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएको।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाईका **बरिष्ठ कृषि अधिकृत टंकप्रसाद रिजाल**ले कष्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्ट सेन्टरका लागि जे.बि.ग्रुप समेतमा आफैं कोटेशन लिन गई ३ वटा ट्र्याक्टरहरुको अस्वाभाविक रुपमा बढी मूल्य रु.१६,३५,०००।- को लागत इष्टिमेट तयार गरी उक्त मूल्यमा ट्याक्टरहरु खरिद गरेको मिसिल संलग्न कागज प्रमाणहरुबाट पुष्टि हुन आएको, प्रतिवादी **दशरथ भण्डारी**ले कोटेशनको लागि समय अभावको कारण देखाई सूचना प्रकाशित नगरी फोनबाट मात्र फर्महरुलाई जानकारी गराएको भन्ने तथ्य आफैंले स्वीकार गरेको साथै निज आफैं कोटेशन लिन बिभिन्न फर्महरुमा गएको र कोटेशन दिएबापत जे.बि.ग्रुपका प्रोपाईटर जनक बोहरालाई पकेट खर्च भनी केही रकम दिएको भन्ने जनक बोहराको बयानबाट खुल्न आएको र प्रतिवादी **मोहनराम टेलर**ले पुष्ट्याईको आधार बिना बढी मूल्यको लागत इष्टिमेट तयार गरी लागत ईष्टिमेटमा हस्ताक्षर गरेको हुँदा प्रतिवादीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क) र ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूरमा जनही बिगो रु.१६,३५,०००।-(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१६,३५,०००।-(सोह्र लाख पैतिस हजार) निज प्रतिवादी टंक प्रसाद रिजालबाट असूल उपर हुन, **प्रतिवादी राजिव हमाल**ले अन्य व्यक्तिहरुलाई बेचेको एउटै स्पेशिफिकेशन भएको ट्याक्टरहरुको मूल्यभन्दा शुक्लाफाँटा कृषि सहकारीलाई बेचेको मूल्य अस्वाभाविक बढी भएको तथ्य मिसिल संलग्न बिलबिजकहरुबाट देखिन आएको हुँदा निज प्रतिवादी राजिव हमाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.१६,३५,०००।-(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा जरिवाना गरी बिगो रकम रु.१६,३५,०००।-(सोह्र लाख पैतिस हजार) ऐ.ऐनको दफा ८(४) बमोजिम नै निज प्रतिवादीबाट जफत हुन माग दावी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएकोमा विशेष अदालतको मिति २०८०/०९/२४ को फैसलाबाट उक्त मुद्दाका प्रतिवादीलाई-

- लागत इष्टिमेट बनाउँदा नै मूल्य उल्लेख भएको र सोही लागत इष्टिमेट बमोजिम न्यूनतम मूल्यमा नै ट्याक्टरहरु खरिद भएको देखिएको,
- अस्वभाविक मूल्य बढाई खरिद गरिएको भनिएका ट्याक्टर भारतबाट आयात भएको देखिएकोमा उक्त ट्याक्टरको नेपालमा आधारभुत मूल्य कति हुन्छ भन्ने विषयमा आयातकर्ताले भन्सार विन्दुमा देखाएको मूल्यनै आयातकर्ताले कायम गरेको बिक्री मूल्य नै हुनेमा वादी पक्षबाट तथ्यगत र बस्तुगत आधारमा मूल्य पत्ता लाग्ने तर्फ अनुसन्धान नै नभएको,
- प्रतिवेदकले पेश गरेको प्रतिवेदनमा ५०HP क्षमताको ट्याक्टरको अधिकतम मूल्य भन्दा प्रतिवादीहरुले किनवेच गरेको खरीद मूल्य न्यून नै रहेको अवस्थामा कोटेशनको प्रकृया पूरा गरी गरेको खरिद बिक्रीमा गैर कानूनी लाभहानी पुऱ्याउने वदनियत नदेखिएको,

लगायतका आधारमा प्रतिवादीहरूले आरोपीत कसूरबाट सफाई पाउने भनी सफाई दिएकोमा आयोगबाट देहायका आधारहरू लिई सम्मानित सर्वोच्च अदालतमा मिति २०८१।०५।१४ मा पुनरावेदन गरिएको छ।

**देहायः**

क. जिल्ला कञ्चनपुर भिमदत्त नगरपालिका वडा नं. २ र १९ तथा कृष्णपुर नगरपालिका वडा नं. ६ मा आर्थिक वर्ष २०७३/०७४ मा पोष्ट हार्भेष्ट सेन्टर र कष्टम हायरिङ सेन्टर संचालनको लागि शुक्लाफाँटा कृषि सहकारी संस्था मार्फत दिनेश मोटर्स प्रा. लि.ले ५०HP को १ वटा ट्याक्टर रु. १४,००,०००/- मा र ६०HP को २ वटा ट्याक्टर प्रति ट्याक्टर रु. १६,५०,०००/- का दरले खरिद बिक्री गरेकोमा उल्लेखित ट्याक्टर मध्ये ५०HP को ट्याक्टर सोही आ.व.मा नरेन्द्र महरालाई रु. ९,२५,०००/- र ६०HP को ट्याक्टर तुल्सिराम चौधरीलाई रु. १०,७०,०००/- मा दिनेश मोटर्सले बिक्री गरेको मिसिल संलग्न दिनेश मोटर्सको विलहरुबाट देखिएको। तुल्सिराम चौधरी र नरेन्द्र महराले वयानका क्रममा उल्लेखित मूल्यमा दिनेश मोटर्सबाट आफूहरुले ट्याक्टर खरिद गरेको हो भनी स्वीकार गरेको र एउटै स्पेशिफिकेशनका ट्याक्टरहरु अन्य व्यक्तिलाई बेचेको मूल्य भन्दा अस्वभाविक बढी मूल्यमा कृषि सहकारीलाई बिक्री गरेको पुष्टि हुँदा हुँदै प्रतिवादीहरु उपरको अभियोग दावी वस्तुगत आधारमा पुष्टि हुन नसकेको भनी प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ख. प्रतिवादीहरुले अस्वभाविक मूल्य बढाई किनबेच गरेको ट्याक्टरको मूल्य सम्बन्धमा केशरी चन्द्र भबरलाल फर्म विराटनगरले सोही स्पेसिफिकेशनको ५०HP ट्याक्टरको MRP रु. ११,७०,०००/- रहेकोमा न्यूनतम रु. ९,२५,०००/- र अधिक्तम रु. ९,९०,०००/- मा र ६०HP को ट्याक्टरको MRP रु. १४,७०,०००/- रहे पनि न्यूनतम रु. ११,००,०००/- र अधिकतम रु. १३,५०,०००/- मा आ.व. २०७३/०७४ मा बिक्री गरेको भनी खुलाई पठाइदिएको साथै ट्याक्टर आपूर्तिकर्ता दिनेश मोटर्सले पनि कृषि सहकारीलाई उपलब्ध गराएको भन्दा घटी मूल्यमा अन्य क्रेताहरुलाई ट्र्याक्टर बिक्री गरेको पुष्टि भइरहेको अवस्थामा घटी मूल्यमा ट्याक्टर खरिद गर्ने तुल्सिराम चौधरीले अदालतमा आएर बकपत्र गरी आफूले खराब कन्डिसनमा रहेको ट्याक्टर सस्तोमा किनेको हुँ भनी प्रतिवादीहरुलाई बचाइ दिने नियत राखी गरेको बकपत्रलाई आधार बनाई प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

ग. ट्याक्टरको कोटेशन उपलब्ध गराउने जे.बि. ग्रुपका संचालक जनकराज बोहराले वयानका क्रममा "पेश गरेको कोटेशन मेरो होइन भनेको"। प्रतिवादी टंक प्रसाद रिजाल र दशरथ भण्डारी दुवै जना मेरो फर्ममा आई "संस्थालाई फाइदा हुन्छ, कोटेशन दिनुहोस्" भनी कोटेशन मागेर लागेका हुन। "कोटेशन दिए वापत दशरथ भण्डारीले मलाई केही रकम दिएको हो" भनी प्रतिवादीहरुले बढी मूल्यमा ट्याक्टर खरिद गरेको पुष्टि हुने गरी वयान गरिदिएको। त्यसैगरी कोटेशन पेश गर्ने मध्येका घोडाघोडी ट्रेड लिंकका संचालक छोटेलाल चौधरी "कृषि सहकारी संस्थालाई कुनै कोटेशन दिएकै छैन" भनी अनुसन्धानको क्रममा लेखाइ दिएकोमा अदालतमा आई प्रतिवादीहरुलाई बचाई दिने नियत राखी "कोटेशन आफूहरुले नै पेश गरेको हो" भनी लेखाई दिएकोमा निजहरुको प्रतिकूल बकपत्र सत्य होइन भन्ने तथ्यको पुष्टि मिसिल संलग्न दररेट एवं दिनेश मोटर्सले आ.व. २०७३/०७४ मा अन्य व्यक्तिहरुलाई बेचेको ट्याक्टरहरुको मूल्यसमेतले पुष्टि गरिरहेको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण रहेको।

प्रवक्ता
नरहरि घिमिरे

देहायः

| सि.नं. | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु |
|---|---|---|---|---|---|
| १ | दशरथ भण्डारी....१, टंक प्रसाद रिजाल ...२, राजिव हमाल..३, मोहनराम टेलर..४ (विशेष अदालतको मुद्दा नं. ०७८-CR-००९५ फैसला मिति२०८०।०९।२४ आयोगको पुनरावेदन गर्ने नि.नं र मितिः- निर्णय नं १८६ मिति२०८१/०५/०७ | गैरकानुनी लाभ हानी । | प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन इकाईका बरिष्ठ कृषि अधिकृत टंकप्रसाद रिजालले ट्रयाक्टरहरुको अस्वाभाविक बढी मूल्याङ्कन गरी बढी ईष्टिमेट बनाई कष्टम हायरिङ सेन्टर र पोष्ट हार्भेष्ट सेन्टरका लागी ६०HP को २ वटा र ५०HP को १ वटा ट्रयाक्टर गरी जम्मा ३ वटा ट्रयाक्टरहरुको अस्वाभाविक बढी मूल्यको लागत ईष्टिमेट तयार गरेको, जे.बि.ग्रुप समेतमा आफैं कोटेशन लिन गई बढी मूल्यको कोटेशन तयार गर्ने कार्यमा संलग्न भई ट्रयाक्टर खरिद गरेको हुँदा सो बापत जम्मा रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) बढी मूल्यमा ट्रयाक्टरहरु खरिद गरेको मिसिल संलग्न कागज प्रमाणहरुबाट पुष्टि हुन आएकोले प्रतिवादी टंकप्रसाद रिजाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क) र ऐ.ऐनको दफा ८ को उपदफा (१) को देहाय (ज) बमोजिमको कसूरमा बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) निज प्रतिवादी टंक प्रसाद रिजालबाट असूल उपर गर्न मागदावी लिईएको, प्रतिवादी दशरथ भण्डारीले कोटेशनको लागी आधिकारिक सूचना प्रकाशित नगरी समय अभावको कारण | विशेष अदालतको फैसलाः-<br>प्रतिवादीहरु दशरथ भण्डारी, टंकप्रसाद रिजाल, राजीव हमाल र मोहनराम टेलरले आरोपदाबीबाट सफाई पाउने<br>विशेष अदालतले प्रतिवादीहरुलाई सफाइ दिंदा लिएका आधारहरुः-<br>(क)लागत इष्टिमेट बनाउँदा नै मूल्य उल्लेख भएको र सोही लागत इष्टिमेट वमोजिम न्यूनतम मूल्यमा नै टयाक्टरहरु खरिद भएको देखिएको,<br>(ख)अस्वभाविक मूल्य बढाई खरिद गरिएको भनिएका टयाक्टर भारतबाट आयात भएको देखिएकोमा उक्त टयाक्टरको नेपालमा आधारभुत मूल्य कति हुन्छ भन्ने तथ्यको भरपर्दो श्रोत आयातकर्ताले भन्सार विन्दुमा देखाएको मूल्य तथा आयातकर्ताले कायम गरेको बिक्री मूल्य नै हुनेमा यसरी तथ्यगत र बस्तुगत आधारमा मूल्य पत्ता लाग्ने तर्फ अनुसन्धान नै नभएको।<br>(ग)प्रतिवेदकले पेश गरेको प्रतिवेदनमा ५० HP क्षमताको टयाक्टरको अधिकतम मूल्य भन्दा प्रतिवादीहरुले किनवेच गरेको खरीद मूल्य न्यून नै रहेको अवस्थामा कोटेशनको प्रकृया पूरा गरी गरेको खरिद बिक्रीमा गैर कानूनी लाभहानी पुऱ्याउने | (क)प्रतिवादीहरु मध्येका दशरथ भण्डारी प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत गठित तत्कालीन धानजोन सञ्चालन समितिमा अध्यक्ष रहेको, अर्का प्रतिवादी टंक प्रसाद रिजाल सोही परियोजना कार्यान्वयन इकाइका वरिष्ठ कृषि अनुसन्धान अधिकृत रहेको, प्रतिवादी राजिव हमाल दिनेश मोटर्स प्रा.लि.का संचालक रहेको र अर्का प्रतिवादी मोहनराम टेलर महाकाली सिचाइँ आयोजनामा कार्यरत इन्जिनियर रहेको मिसिल कागजातबाट देखिन्छ। जिल्ला कञ्चनपुर भिमदत्त न.पा. वडा नं. २ र १९ तथा कृष्णपुर नगरपालिका वडा नं. ६ मा आर्थिक वर्ष २०७३/०७४ मा पोष्ट हार्भेष्ट सेन्टर र कष्टम हायरिङ सेन्टर संचालनको लागि संचालक समितिमा रु. ६०,००,०००/- निकासा भएकोमा सो कार्यक्रमको लागि सामाग्री आपूर्ति गर्न शुक्लाफाँटा कृषि सहकारी संस्था मार्फत दिनेश मोटर्स प्रा. लि.ले ५०HP को १ वटा टयाक्टर रु. १४,००,०००/- मा र ६०HP को २ वटा टयाक्टर प्रति टयाक्टर रु. १६,५०,०००/- का दरले खरिद बिक्री गरेको पाइन्छ। उल्लेखित टयाक्टर मध्ये ५०HP को टयाक्टर सोही आ.व.मा नरेन्द्र महरालाई रु. ९,२५,०००/- र ६०HP को टयाक्टर तुल्सिराम चौधरीलाई रु. १०,७०,०००/- मा दिनेश मोटर्सले बिक्री गरेको मिसिल संलग्न दिनेश मोटर्सको विलहरुबाट देखिन्छ। अनुसन्धानका क्रममा वयान गर्दा तुल्सिराम चौधरी र नरेन्द्र महराले उल्लेखित मूल्यमा दिनेश मोटर्सबाट आफूहरुले टयाक्टर खरिद गरेको हो भनी स्वीकार गरेको अवस्था एउटै स्पेशिफेकेशनका टयाक्टरहरु अन्य व्यक्तिलाई बेचेको मूल्य भन्दा अस्वभाविक बढी मूल्यमा कृषि सहकारीलाई बिक्री गरेको पुष्टि हुँदा हुदै प्रतिवादीहरु उपरको अभियोग दावी वस्तुगत आधारमा पुष्टि हुन नसकेको भनी प्रतिवादीहरुलाई सफाई दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको।<br>(ख) प्रतिवादीहरुले अस्वभाविक मूल्य बढाई किनबेच गरेको टयाक्टरको मूल्य सम्बन्धमा केशरी चन्द्र भबरलाल फर्म विराटनगरले सोही स्पेसिफिकेशनको ५०HP टयाक्टरको MRP रु. ११,७०,०००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | देखाई फोनबाट मात्र फर्महरुलाई जानकारी गराएको भन्ने तथ्य निज आफैंले स्वीकार गरेको साथै निज आफैं कोटेशन लिन विभिन्न फर्महरुमा गएको र कोटेशन दिएबापत जे.बि.ग्रुपका प्रोपाईटर जनक बोहरालाई पकेट खर्च भनि केहि रकम दिएको भन्ने जनक बोहराको बयानबाट खुल्न आएको हुँदा निज प्रतिवादी दशरथ भण्डारीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (ञ) बमोजिमको कसूरमा बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ. ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) निज प्रतिवादी दशरथ भण्डारीबाट असूल उपर गर्न मागदावी लिईएको, प्रतिवादी मोहनराम टेलरले पुष्ट्याईको आधार बिना बढी मूल्यको लागत ईष्टिमेट तयार गरी लागत ईष्टिमेटमा हस्ताक्षर गरेको हुँदा निजको हकमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (क) बमोजिमको कसूरमा बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (१) बमोजिम सजाय हुन र सोही ऐनको दफा ८ को उपदफा(१) बमोजिम बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) निज प्रतिवादी मोहनराम टेलरबाट असुल उपर गर्न मागदावी लिईएको, प्रतिवादी राजिव हमालले एउटै स्पेशिफिकेशन भएको ट्याक्टरहरु अन्य व्यक्तिहरुलाई बेचेको | वदनियत नदेखिएको। | रहेकोमा न्यूनतम रु. ९,२५,०००/- र अधिक्तम रु. ९,९०,०००/- मा र ६०HP को ट्याक्टरको MRP रु. १४,७०,०००/- रहे पनि न्यूनतम रु. ११,००,०००/- र अधिकतम रु. १३,५०,०००/- मा आ.व. २०७३/०७४ मा बिक्री गरेको भनी खुलाई पठाइदिएको साथै प्रस्तुत मुद्दामा ट्याक्टर आपूर्तिकर्ता दिनेश मोटर्सले पनि कृषि सहकारीलाई उपलब्ध गराएको भन्दा घटी मूल्यमा अन्य क्रेताहरुलाई ट्र्याक्टर बिक्री गरेको पुष्टि भइरहेको अवस्थामा घटी मूल्यमा ट्याक्टर खरिद गर्ने तुल्सिराम चौधरीले अदालतमा आएर बकपत्र गरी आफूले खराब कन्डिसनमा रहेको ट्याक्टर सस्तोमा किनेको हुँ भनी प्रतिवादीहरुलाई बचाइ दिने नियत राखी गरेको बकपत्रलाई आधार बनाई प्रतिवादीहरुलाई सफाइ दिनेगरी भएको विशेष अदालत काठमाण्डौको फैसला त्रुटिपूर्ण रहेको।<br><br>(ग) प्रस्तुत मुद्दामा ट्याक्टर बिक्री गर्नको लागि कोटेशन उपलब्ध गराउने जेपी ग्रुपका संचालक जनकराज बेहोराले अनुसन्धानमा वयान गर्दा ट्याक्टर बिक्री गर्न शुक्लाफाँटा सहकारीमा पेश गरेको कोटेशन मेरो होइन। प्रतिवादी टंक प्रसाद रिजाल र दशरथ भण्डारी दुवै जना मेरो फर्ममा आइ संस्थालाई फाइदा हुन्छ, कोटेशन दिनुहोस् भनी मिति २०७४/१/१७ मा कोटेशन मागेर लागेका हुन। दिनेश मोटर्स प्रा.लि.का संचालक राजीव हमालसँग मैले कमिशनमा काम गर्थे। कोटेशन दिए वापत प्रतिवादी दशरथ भण्डारीले मलाई केही रकम दिएको हो भनी प्रतिवादीहरुले बढी मूल्यमा ट्याक्टर खरिद गरेको पुष्टि हुने गरी वयान गरिदिएको पाइन्छ। त्यसैगरी कोटेशन पेश गर्ने मध्येका घोडाघोडी ट्रेड लिंकका संचालक छोटेलाल चौधरी आफूले कृषि सहकारी संस्थालाई कुनै कोटेशन दिएकै छैन भनी अनुसन्धानको क्रममा लेखाइ दिएकोमा अदालतमा आई प्रतिवादीहरुलाई बचाइ दिने नियत राखी कोटेशन आफूहरुले नै पेश गरेको हो भनि लेखाइ दिएकोमा निजहरुको प्रतिकूल बकपत्र सत्य होइन भन्ने तथ्यको पुष्टि मिसिल संलग्न केशरीचन्द्र भवरलाल फर्म विराटनगरले खुलाई पठाएको दररेट एवं प्रतिवादी राजीव हमालको दिनेश मोटर्सले आ.व. २०७३/०७४ मा अन्य व्यक्तिहरुलाई बेचेको ट्याक्टरहरुको मूल्य समेतले पुष्टि गरिरहेको अवस्थामा विशेष अदालतबाट फैसला गर्दा |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | मूल्यभन्दा शुक्लाफाँटा कृषि सहकारीलाई बेचेको मूल्य अस्वाभाविक बढी भएको तथ्य मिसिल संलग्न तथ्य तथा सम्बन्धित बिलबिजकहरुबाट देखिन आएको हुँदा निज प्रतिवादी राजिव हमाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूरमा बिगो रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) कायम गरी ऐ.ऐनको दफा ८ को उपदफा (४) बमोजिम कैद वा जरिवाना गरी बिगो रकम रु.१६,३५,०००।–(सोह्र लाख पैतिस हजार) ऐ.ऐनको दफा ८(४) बमोजिम नै निज प्रतिवादीबाट जफत हुन मागदावी लिईएको, जनक बोहरा र छोटेलाल चौधरीको हकमा निजहरुले माथि उल्लेखित प्रतिवादीहरुलाई उल्लेखित भ्रष्टाचारजन्य कसूर गर्न सहयोग गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको मूल प्रतिवादीहरुलाई सहयोग गरी मतियारको रुपमा कार्य गरेको देखिन्छ । तर निजहरुले बारदातको सत्य तथ्य खुलाई बयान गरी अपराध अनुसन्धानमा सहयोग गरेको हुँदा निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम मतियारको कसूरमा अभियोजन गर्न उपयुक्त हुने नदेखिएको हुँदा पछि मुद्दाको सुनुवाईको क्रममा निजहरुले गरेको सहयोग अरु सबूत प्रमाणहरुबाट प्रमाणित नभएमा वा निजहरुले मुद्दा हेर्ने अधिकारी समक्ष अनुसन्धान अधिकारीलाई गरेको सहयोग प्रतिकूल हुने गरी बकपत्र गरेमा कानून बमोजिम गर्ने गरी हाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को | | वादी पक्षले ट्याक्टरहरुको यकिन मूल्य वस्तुगत आधारमा खुलाउन नसकेको भनी प्रतिवादीहरुलाई सफाइ दिनेगरी भएको फैसला त्रुटिपूर्ण रहेको। |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | दफा ५५ बमोजिम सजायको मागदावीमा पूर्ण रुपमा छुट दिई सरकारी साक्षीको रुपमा प्रस्तुत गरिएको, धानजोन सञ्चालक समितिका पदाधिकारी तथा सदस्यहरु  गिता चौधरी, नररोत्तम जोशी, सुस्मा चौधरी, बीर बहादुर राजबंशी, गणेशदत्त जोशी, आनन्दीदेवी भट्ट, सुमन कुमारी चौधरी र शुक्लाफाँटा कृषि सहकारीका पदाधिकारीहरु तथा सदस्यहरु कृष्ण प्रसाद जोशी, पुरन चौधरीले कार्यसम्पन्न भई सम्पुर्ण सामानहरु खरिद गरेको हुँदा कार्यसम्पन्न भएको भनि बैठक निर्णयमा हस्ताक्षर गरेको सो सामानहरुको बजार मूल्य र कोटेशनको सम्बन्धमा केहि थाहा नभएको बयानमा खुलाएको र निजहरुको संलग्नता देखिने प्रमाण कागजातहरु नदेखिएको साथै होम टाउन ईन्टरप्राईजेज धनगढी कैलालीका सञ्चालक टेकराज पनेरुले सामानहरु बेचबिखन गर्दा बजार मूल्य भन्दा बढी मूल्यमा बेचेको नदेखिएको , भारतीय औद्योगिकी संस्थान रुड्किमा अध्ययनरत ईन्जिनियर माधव कोईरालाले कोटेशन र सम्झौता अनुसार काम सम्पन्न भएको देखिएकोले सोहि अनुसारको कार्यसम्पन्न प्रतिवेदन तयार गरेको देखिन आएको र लेखापाल डम्बरदत्त भट्टले कार्यसम्पन्न भई कार्यालय प्रमुखबाट भएको आदेश र शुक्लाफाँटा कृषि सहकारी, धानजोन सञ्चालक समितिको सिफारिसमा बिलबिजकहरु पेश भई आएकोले भुक्तानी गरेको देखिएको हुँदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ बमोजिमको  कसूरमा निजहरुको संलग्नता | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | पुष्टि हुने आधार नदेखिएकोले निजहरुको हकमा थप केहि गरि रहन नपर्ने भनि आयोगको बैठकबाट निर्णय भइ सोही अनुसार मागदावी लिई विशेष अदालत काठमाण्डौमा आरोप-पत्र दायर गरिएको | | |